मिति २०७८/०७/१६

## ११६औं कार्यपालिकाका निर्णयहरु

**निर्णय नं.१ :** मिति २०७८/७/०३ गते राती जंगली हात्तीले यस नगरपालिकाको वडा नं.१२ वसन्तपुर टोल निवासी ध्वज वहादुर कार्की र निजकी श्रीमती मथुरा कार्की लाई कुल्चेर मृत्यु भएकोले उहाँहरु प्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्ने र शोक सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्ने ।

**निर्णय नं.२ :** आयुर्वेद अस्पताल निर्माण का लागि वडा नं. ११ को मालिका टोल को जग्गा उपलव्ध गराउने सम्वन्धमा नापी कार्यालयवाट नक्सा, फिल्डवुक, प्लट रजिष्टर माग गरि प्राविधिकको फिल्ड प्रतिवेदन सहित अर्को बैठकमा पेश गर्ने ।

**निर्णय नं.३ :** अन्तराष्ट्रीय खेलाडी महेश प्रसाद भट्ट, रामप्रसाद भट्ट र उषा बिष्ट लाई सम्मान गर्ने र आर्थिक व्यवस्थापन सम्बन्धमा आगामी नगरसभा बाट बजेट व्यवस्थापन गर्ने ।

**निर्णय नं.४ :** देहायका योजनाहरुमा देहाय वमोजिम सम्पूरक कोषवाट रकम विभाजन गर्ने ।

देहायः-

| क्र.स. | योजना | बिनियोजित रकम | आवश्यक फण्ड | | कैफियत |
|---|---|---|---|---|---|
| | तराई मधेश समृद्दि कार्यक्रम | | प्रतिशत | रकम | |
| १ | वडा नं. १० अधुरो बर्थिङ सेन्टर जिप स्वास्थ्य चौकी निर्माण शुक्लाफाँटा नगरपालिका १० | २५ लाख | १०% | २,७७,७७७।८ | |
| २ | वडा नं. ८ को सामुदायिक भवन निर्माण शुक्लाफाँटा नगरपालिका-८ | २५ लाख | १०% | २,७७,७७७।८ | |
| ३ | वडा नं. ३ आधारभुत स्वास्थ्य केन्द्रको भवन निर्माण शुक्लाफाँटा नगरपालिका-३ | २५ लाख | १०% | २,७७,७७७।८ | |
| ४ | पिताम्बर स्वास्थ्य चौकी भवन शुक्लाफाँटा नगरपालिका | २५ लाख | १०% | २,७७,७७७।८ | |
| ५ | मणिका धाम जाने बाटो स्तरोन्नति शुक्लाफाँटा नगरपालिका-८, पारिफाटा | ३० लाख | ३०% | १२,८५,७१४।२९ | |
| | | | | | |

मिति २०७८/०७/१६

| | | | | | |
|---|---|---|---|---|---|
| संघ समपुरक अनुदान | | | | | |
| १ | नगर उद्यान निर्माण | ४२ लाख | १००% | ४२,००,०००।- | |
| २ | कृषक सूचीकरण कार्यक्रम | ३ लाख | १००% | ३,००,०००।- | |
| | जम्मा | | | ४५,००,०००।- | |

**निर्णय नं.५ :** एम्वुलेन्सको भाडा सम्वन्धमा एम्वुलेन्स सञ्चालन गर्ने जिम्मा ह.स.चा. श्री तेज सिह कोर लाई दिने, एम्वुलेन्स बन्साहा प्रहरी चौकीमा राख्ने र सरकारी दररेट अनुसार एम्वुलेन्स भाडा लिने साथै एम्वुलेन्स चालक र दमलक चालकलाई एक/एक वटा सामान्य खालको मोवाईल सेट र सिम उपलव्ध गराउने र मासिक रु. ५००।- रिचार्ज उपलव्ध गराउने ।

**निर्णय नं.६ :** उद्योग ग्राम निर्माणको लागि वडा नं. २,९ र ११ का वडाहरु संग समन्वय गरी ७.५ विघा जगगा उपलव्ध गराउने सम्वन्धमा नापी कार्यालय वाट नक्सा, फिल्डवुक, प्लट रजिष्टर माग प्राविधिकको फिल्ड प्रतिवेदन सहित अर्को बैठकमा पेश गर्ने ।

**निर्णय नं. ७:** Habitat For Humaunity Nepal मुक्त हलिया आवास निर्माण सहकार्यका लागि उक्त संस्था संग समन्वय गरि इस्टिमेट सहित अर्को वैठकमा पेश गर्ने ।

**निर्णय नं. ८:** चालु आ.व. ०७८/०७९ को वाकी अवधिका लागि देहायका ठेक्काहरु देहाय बमोजिम ठेक्का लगाउने

क) कवाड कर - रू. ३ लाख
ख) विज्ञापन कर -रू १ लाख
ग) सडक सेवा शुल्क -रू ५ लाख

**निर्णय नं. ९ :** शुक्लाफाँटा नगरपालिका छाडा पशुचौपाया सम्बन्धि व्यवस्थापन(संशोधन) कार्यविधि २०७५ थप अध्ययन गरी आगामी वैठकमा पेश गर्ने ।

**निर्णय नं. १०:** गत आर्थिक वर्ष कोभिडका कारणले सम्पन्न हुन नसकेका देहायका योजनाहरुको २०७८ चैत मसान्त सम्म म्याद थप गरी चालु आ.व.मा सञ्चालन गर्ने ।

क) वडा नं. ५ वडा कार्यालय पर्खाल तथा सौचालय निर्माण कार्यठे.न.(SMP1077-78/SQ/CW/१९)

मिति २०७८/०७/१६

ख) ईलाका प्रहरी कार्यालय दुवै दक्षिण असैना वार्ड नं. ४ कालोपत्रे सडक ठे.न.(१०/२०७६/२०७७)

ग) ढाणा देखि वार्ड कार्यालय रामेश्वर शिव मन्दिर जोड्ने सडक कालोपत्रे(ठे.न. २९/२०७७/२०७८)

घ) कालिका मा.वि. दुवै वार्ड नं. ४ को कार्यालय जोड्ने सडक कालोपत्रे(ठे.न. ३०/२०७७/२०७८)

**निर्णय नं. ११:** नेपाल नगरपालिका संघको मिति २०७८/०७/१० को राष्ट्रिय जनगणना, २०७८ सम्वन्धि पत्र कार्यपालिका समक्ष प्रस्तुत गरियो ।

**निर्णय नं. १२ :** व्याकहोलोडर सहायक श्री राजन चौधरी हालसम्म व्याकहोलोडर चालकको कामकाज गर्दै आएकोमा निजलाई भारी सवारी चालक पदको सेवा सुविधा पाउने गरि करार सम्झौता गरि काम काजमा लगाउने ।

निर्णय प्रमाणित
२०७८/८/१६